# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०२।२६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रौतहट, फतुवा विजयपुर नगरपालिका वडा नं. ४ मा कृषकहरूलाई औषधी स्प्रे टंकी वितरणमा अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा फतुवा विजयपुर नगरपालिका, रौतहटले आ.ब. २०७८/०७९ मा कृषकहरुका लागि वितरण गर्न स्प्रे टंकी खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना प्रकाशन गर्न मिति २०७८।१०।१८ गते जनसवाल राष्ट्रिय दैनिक पत्रिकालाई पत्राचार गरी मिति २०७८।१०।२० मा प्रकाशित भएको भनिएको बोलपत्र आह्वानको सूचना र तराई पोष्टमा मिति २०७८।११।२७ मा प्रकाशित भएको भनिएको बोलपत्र स्वीकृत भएको आशयको सूचना सम्बन्धमा प्रेश काउन्सिल नेपालको पत्रबाट उक्त सूचना जनसवाल राष्ट्रिय दैनिक तथा तराई पोष्टमा प्रकाशन भएको नदेखिएको भनी उल्लेख भएकोले तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **शम्भु कुमार यादव**, तत्कालीन सह-लेखापाल **नविन कुमार यादव**, जनसवाल राष्ट्रिय दैनिक पत्रिकाका सम्पादक **रामजी वगाले**, तराई पोष्टका प्रकाशक **रुपेन्द्र पटेल** र तराई पोष्टका प्रतिनिधी **ओम प्रकाश यादव** समेतको बदनियतपूर्ण उद्देश्यले पत्रिकामा सूचना प्रकाशित नै नगरी झुट्टा नक्कली पत्रिका तथा बिल भरपाई पेश गरी सूचना प्रकाशन गरे वापतको रकम लिने दिने कार्य गरेको एवं भुक्तानीको लागि काटिएको चेकमा उल्लेख भएको नाम केरमेट गरेको, नगरपालिकामा रहेका सरकारी कागजात केरमेट गरी सच्याउने समेतको कार्य गरेको देखिंदा प्रकाशित नै नभएको बोलपत्र आह्वानको सूचना प्रकाशन भएको भनी नक्कली प्रति कार्यालयको अभिलेखमा राखी सो वापत कर कट्टी गरी रु.१,७२,८२५।-जनसवाल राष्ट्रिय दैनिकलाई र वोलपत्र स्वीकृत भएको आशयको सूचना तराई एक्सप्रेस दैनिकमा प्रकाशन भएको भनी नक्कली पत्रिकाको एक प्रति कार्यालयको अभिलेखमा राखी सोवापत रु.३९,४००।- तराई पोष्टलाई गरी जम्मा रु.२,१२,२२५।— भुक्तानी दिएकोले आफूहरुलाई गैरकानूनी लाभ र फतुवा विजयपुर नगरपालिकालाई हानी पुऱ्याउने कार्य गरेको पुष्टि भएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादी उपर देहाय बमोजिमको सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला रौतहट फतुवा विजयपुर नगरपालिकाका **तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शम्भु कुमार यादव, तत्कालीन सह-लेखापाल नविन कुमार यादव** | जनही रु.२,१२,२२५/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) वमोजिम कैद र विगो बमोजिम जरिवाना सजाय गरी विगो असूल उपर हुन एवं नगरपालिकाका चेकहरु केरमेट गरी सच्याई सच्याएको ठाउँमा दस्तखत गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसूर गरेको हुँदा सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना समेत हुन मागदावी लिइएको छ। |
| २. | तराई पोष्टका **प्रतिनिधि ओम प्रकाश यादव** | रु.२,१२,२२५/– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ |

| | | | |
|---|---|---|---|
| | | | को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी विगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | जनसवाल पब्लिकेशन प्रा.लि.तथा उक्त कम्पनीका सम्पादक **रामजी बगाले** | रु.१,७२,८२५/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी विगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | तराई पोष्टका **प्रकाशक रुपेन्द्र पटेल** | रु.३९,४००।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी विगो असुल उपर हुन मागदावी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल